नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा हातहतियार शाखा)

शा.सु २०७२/७३/६.१

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ६०५

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः-२०७२/०८/०४

**विषयः- "CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२" कार्यान्वयन सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय,**

सबै ।

प्रस्तुत विषयमा अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्धेश्यले सबै सुरक्षा निकाय लगायत अन्य सरकारी निकायसँग आवश्यक छलफल र परामर्श गरी तयार गरिएको **"CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२"** माननीय मन्त्रीस्तरबाट मिति २०७२/०७/२५ मा स्वीकृत भई कार्यान्वयन गर्न/गराउन हुन जिल्ला प्रशासन कार्यालयहरू सबैलाई जिम्मेवारी तोकिएको छ । स्वीकृत कार्यविधिको प्रतिलिपि पाना-४ (चार) यसै पत्रसाथ संलग्न गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू मार्फत् उक्त कार्यविधि अनिवार्य कार्यान्वयन गर्न/गराउन हुन आदेशानुसार अनुरोध छ ।

(प्रकाश देवकोटा)

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय, सिंहदरबार ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ।

श्री नेपाली सेना युद्धकार्य निर्देशनालय, भद्रकाली, काठमाडौं ।

श्री क्षेत्रीय प्रशासन कार्यालयहरू, सबै ।

श्री प्रहरी प्रधान कार्यालय, नक्शाल, काठमाडौं ।

श्री सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हल्चोक, काठमाडौं ।

श्री राष्ट्रिय अनुसन्धान विभाग, बरफबाग ।

श्री नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं।

# सि.सि.टी.भी. जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२

मानननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७२।७।२५

१) **पृष्ठभूमि :**

नेपाल सरकार कार्य विभाजन नियमावली, २०६९ बमोजिम शान्ति सुरक्षा सार्वजनिक अपराध नियन्त्रण लगायतका सुरक्षा सम्बन्धी जिम्मेवारी गृह मन्त्रालयमा रहको छ । अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्नका लागि विद्युतीय उपकरणको प्रयोग प्रभावकारी हुने भएको हुँदा काठमाडौं उपत्यका लगायत देशका विभिन्न सार्वजनिक स्थान, राजमार्ग, सार्वजनिक निकायहरू, व्यापारिक केन्द्रहरू तथा निजी घरहरूको सुरक्षाको लागि सिसिटिभीको प्रयोग भैरहेको छ।

वर्तमान अवस्थामा सिसिटिभीको प्रयोग भैरहेकोले सो प्रयोगलाई व्यवस्थित एवं प्रोत्साहन गर्न अति आवश्यक देखिएको हुँदा सि.सि.टि.भी. जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ तयार गरी स्वीकृत भएको मितिदेखि लागु गरिएको छ।

२) **उद्देश्य :** यस कार्यविधिका देहाय बमोजिमका उद्देश्यहरू छन् ।

क) अपराध नियन्त्रण तथा शान्ति सुरक्षामा विद्युतीय उपकरणको प्रयोगलाई प्रभावकारी बनाउने ।

ख) सि.सि.टि.भी को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने ।

३) **वर्गीकरणः** सि.सि.टि.भी.को प्रयोगलाई निम्नानुसार तीन वर्गमा वर्गीकरण गरिएको छ ।

क) **सार्वजनिक क्षेत्रका लागि प्रयोग हुने CCTV/Camera :-**

प्रविधियुक्त Smart Surveillance Camera को निगरानीबाट अपराधिक व्यक्तिहरूमा मनोवैज्ञानिक असर पुर्‍याई अपराध न्यूनीकरण गर्न, अनुसन्धानमा सहयोग लिन, ट्राफिक व्यवस्थापन सहज बनाउन, सडक नियम उल्लघंनको कार्य निरूत्साहित गर्न तथा विशिष्ट व्यक्तिहरूको आवागमन एवं सुरक्षा व्यवस्था मिलाउने लगायतका सुरक्षासँग सम्बन्धित कार्यका लागि सार्वजनिक स्थानहरूमा आम नागरिकहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने सिसिटिभी ।

ख) **व्यापारिक प्रयोजनका लागि प्रयोग हुने CCTV/Camera :-**

व्यापारिक केन्द्रहरू जस्तै बैंक, वित्तीय संस्था, सपिङ मल, होटल, सेवा सेन्टर, मूल्यवान वस्तु तथा गरगहना व्यवसाय हुने स्थानहरू तथा अन्य व्यापारिक कारोवार हुने स्थानहरूको सुरक्षार्थ सम्बन्धित व्यापारिक संघ संस्थाहरूबाट जडान गरिने सिसिटिभी ।

ग) **निजी प्रयोजनका लागि प्रयोग हुने CCTV/Camera :-**

कुनै पनि व्यक्तिले आफ्नो निजी सम्पत्तिको सुरक्षाको लागि निजी परिसरमा जडान गरिने सिसिटिभी ।

३) **व्यवस्थापन :**

क) **सार्वजनिक प्रयोग सम्बन्धमा :-**

१. सरकारी निकायले नागरिकहरूको सुरक्षा, सरकारी सम्पतिको सुरक्षा, कारागारहरूको निगरानी, विमानस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदी कार्यको लागि गृह मन्त्रालयसँग अग्रीम सहमति लिई जडान तथा सञ्चालन गर्नुपर्नेछ ।

२. सुरक्षा निग्रानीका लागि जडान गरिएका सिसिटिभीको निरन्तर मोनिटर गर्ने व्यवस्था सम्बन्धित निकाय आफैले मिलाउनु पर्नेछ ।

३. सिसिटिभीबाट खिचेका दृश्यहरू गोप्य एवं सुरक्षित राख्नु पर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

४. सिसिटिभी फुटेजहरू अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले अनुसन्धानका लागि माग गरेको खण्डमा उपलब्ध गराउनु पर्नेछ ।

५. सिसिटिभीबाट खिचेका दृश्यहरू कम्तिमा तीन महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

६. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन ।

७. VVIP, VIP को निजी Footage हरू सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन ।

८. Human Right Violation हुने गरी CCTV/Camera जडान गर्न, Photo लिन पाइने छैन ।

**ख) व्यापारिक प्रयोजन सम्बन्धमा :-**

१. बैंक वितीय संस्था, सुन चाँदी व्यवसाय हुने स्थानहरू साईवर क्याफे जस्ता व्यापारिक कारोवार हुने स्थानहरूमा सम्बन्धित संघ संस्थाहरूले अनिवार्य रूपमा सिसिटिभी जडान गर्नु पर्नेछ ।

२. व्यापारिक सुरक्षा प्रयोजनका लागि सिसिटिभी जडान गर्न जिल्ला प्रशासन कार्यालयमा प्रयोजन खुलाई अनुमति लिनु पर्नेछ ।

३. जडान गरिने सिसिटिभीहरूको प्रकृति, गुणस्तर, संख्या, जडान गरिने स्थान, मोनिटर गर्ने स्थान, मोनिटरिङ कार्यमा परिचालन हुने कर्मचारीहरूको विवरण समेत जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

४. शौचालय, चेन्जीङ रूम, होटलको बेड रूम आदी संवेदनशील स्थानहरूमा सिसिटिभी राख्न पाइने छैन ।

५. जडान गरिएका सिसिटिभीले निरन्तर मोनिटर तथा मर्मत सम्भार गर्ने व्यवस्था सम्बन्धित निकाय आफैले मिलाउनुपर्नेछ ।

६. सिसिटिभीबाट खिचेका दृश्यहरू गोप्य राख्नु पर्नेछ । कुनै पनि किसिमबाट सार्वजनिक गर्न, व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा असर नपर्ने गरी सिसिटिभी क्यामराहरू जडान गर्नु पर्नेछ ।

८. सिसिटिभी फुटेजहरू अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले अनुसन्धानका लागि माग गरेको खण्डमा उपलब्ध गराउनु पर्नेछ ।

९. सिसिटिभीबाट खिचेका दृश्यहरू कम्तिमा तीन महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

१०. क्यामराहरूको स्थान तथा संख्या परिवर्तन गर्न परेमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र गर्नु पर्नेछ ।

११. मोनिटरिङ रूमको सम्पूर्ण जवाफदेहिता सम्बन्धित निकायको हुनेछ । मोनिटरिङ रूममा लगबुक अनिवार्य रूपमा राख्नु पर्नेछ ।

१२. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन ।

१३. VVIP, VIP को निजी Footage हरू सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन ।

१४. Human Right Violation हुने गरी CCTV/Camera जडान गर्न, Photo लिन पाइने छैन ।

१५. माथि उल्लेख भएका बुँदाहरूको पालना नभए प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

**ग) निजी प्रयोग सम्बन्धमा :-**

१. व्यक्तिगत सुरक्षा प्रयोजनका लागि सिसिटिभी जडान गर्न जिल्ला प्रशासन कार्यालयमा प्रयोजन खुलाई अनुमति लिनु पर्नेछ ।

२. जडान गरिने सिसिटिभीहरूको प्रकृति/मोडल गुणस्तर, संख्या, जडान गरिने स्थान, मोनिटर गर्ने स्थान, मोनिटरिङ गर्ने विधि सहितको विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

३. Limited Household Purpose का लागि मात्र CCTV/Camera प्रयोग गर्नु पर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

४. जडान गरिएका सिसिटिभीको निरन्तर मोनिटर मर्मत सम्भार गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

५. सिसिटिभीबाट खिचेका दृष्यहरू गोप्य राख्नु पर्नेछ । कुनै पनि किसिमबाट सार्वजनिक गर्न पाइने छैन ।

६. कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा असर नपर्ने गरी सिसिटिभी क्यामराहरू जडान गर्नु पर्नेछ ।

७. सिसिटिभी फुटेजहरू अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी वा अन्य सरकारी निकायले अनुसन्धान कार्यका लागि माग गरेको खण्डमा उपलब्ध गराउनु पर्नेछ ।

८. सिसिटिभीबाट खिचेका दृष्यहरू कम्तिमा तीन महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

९. जडान गरिएका सिसिटिभीहरू संचालनमा रहने व्यवस्था सम्बन्धितले अनिवार्य रूपमा मिलाउनु पर्नेछ ।

१०. क्यामराहरूको स्थान तथा संख्या परिवर्तन गर्न परेमा जिल्ला प्रशासनको अनुमति लिएर मात्र गर्नु पर्नेछ ।

११. माथि उल्लेख भएका बुँदाहरूको पालना नभए प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**घ) CCTV जडान गर्ने ठाउँ वा भवनहरूमा सबैले देख्ने गरी आवश्यकतानुसार ठाउँठाउँमा CCTV जडान भएको सूचना अनिवार्य रूपमा राख्नुपर्नेछ ।**

**ङ) सार्वजनिक, व्यापारिक वा निजी CCTV को नियमन गर्ने निकायले अद्यावधिक अभिलेख राख्नुपर्नेछ ।**

**च) व्यक्तिको गोपनियताको हक संरक्षण हुने र मानव अधिकारमा प्रतिकूल असर नपर्ने व्यवस्थाको सुनिश्चितता हुनेगरी CCTV जडान तथा सञ्चालन गर्नुपर्नेछ । साथै सि.सि.टि.भी जडान तथा सञ्चालनका लागि तपसिलका अनुसूची -१ र २ मा उल्लेख भए बमोजिमका कागजातहरू सहित निवेदन पेश गर्नुपर्ने छ ।**

**४) अनुगमन र नियमन :-**

**बूँदा नं. ३** अनुसार कार्यान्वयन भए/नभएको अनुगमनका लागि गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई जिम्मेवारी तोक्नेछ । अनुगमन र नियमन कार्यका लागि जिल्ला प्रशासन कार्यालयले प्रतिनिधि सहितको प्रहरी टोली खटाउन सक्नेछ । यदि यो कार्यविधि विपरीत CCTV/Camera जडान एवं सञ्चालन भए गरेको पाइएमा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ बमोजिम कारवाही हुनेछ ।

**अनुसूची -१**

**CCTV/Camera जडान तथा सञ्चालन सम्बन्धी अनुमतिका लागि निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू :-**

क) प्रयोजन खुलेको निवेदन पत्र

ख) व्यक्तिको नागरिकताको प्रतिलिपी/परिचय खुल्ने अन्य कागजातहरू

ग) घरको नक्साको प्रतिलिपि

घ) जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

ङ) गा.वि.स./न.पा. को सिफारिस

च) CCTV /Camera को निग्रानीका लागि सम्बन्धित पक्षबाट खटिने व्यक्तिको विवरण ।

अनुसूची -२

# निवेदन नमूना (Format)

विषयः- **CCTV/Camera जडान तथा सञ्चालन गर्न इजाजत पाऊँ ।**

**श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,**

जिल्ला प्रशासन कार्यालय,.........................।

**महोदय,**

प्रस्तुत विषयमा सार्वजनिक/व्यापारिक/निजी प्रयोजनको लागि तपसिल बमोजिमको विवरण भएको CCTV/Camera हरू जडान तथा सञ्चालन गर्न पाऊँ भनी कार्यविधिको अनुसूची -१ मा उल्लेख भएका कागजातहरू संलग्न गरी निवेदन पेश गर्दछु । यसमा लेखिएको विवरण सत्य साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदक

दस्तखतः

छापः

नामः

ठेगानाः

सम्पर्क नं.:

ईमेलः

मितिः

**CCTV/Camera को विवरणः**

क) क्यामेरा बनेको कम्पनीः-

ख) मेगापिक्सेलः

ग) पिटीजेट/ फिक्सः

घ) डाटा स्टोरेज क्षमताः

ङ) डाटा स्टोरेज अवधिः

च) CCTV/Camera जडान गर्ने स्थानहरूः

छ) CCTV/Camera को सङ्ख्याः

ज) CCTV/Camera जडान गर्नुपर्नाको कारणः